# एनएमबि लघुवित्त वित्तीय संस्था लि.
# NMB Laghubitta Bittiya Sanstha Ltd.

(National Level "D" Class Financial Institution Licensed by Nepal Rastra Bank)

Corporate Office: Pokhara 25, Kaski, Ph: 066-400427/400477, Fax: 061-400428
Email:info@nmbmicrofinance.com, Website : www.nmbmicrofinance.com

# Unaudited Financial Results (Quarterly)

## As at Chaitra End (2077/12/31) of the Fiscal Year 2077/078

Rs in '000'

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.9)** | **5,516,117** | **5,229,471** | **4,449,248** |
| 1.1 | Paidup Capital | 539,805 | 539,805 | 405,016 |
| 1.2 | Proposed Bonus Share | - | - | 48,602 |
| 1.3 | Reserve & Surplus | 293,337 | 243,289 | 244,836 |
| 1.4 | Debenture & Bond | - | - | - |
| 1.5 | Borrowings | 2,830,319 | 2,703,596 | 2,286,095 |
| 1.6 | **Deposits (a+b)** | **1,788,451** | **1,678,208** | **1,402,609** |
| | a. Member | 1,788,451 | 1,678,208 | 1,402,609 |
| | b. Public | - | - | - |
| 1.7 | Proposed Dividend | - | 4,536 | - |
| 1.8 | Income Tax Liability | - | - | 19,703 |
| 1.9 | Other Liabilities | 64,204 | 60,038 | 42,388 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **5,516,117** | **5,229,471** | **4,449,248** |
| 2.1 | Cash & Bank Balance | 39,865 | 35,144 | 37,070 |
| 2.2 | Money at Call and Short Notice | 162,862 | 157,481 | 802,452 |
| 2.3 | Investments | 2,000 | 2,000 | 2,000 |
| 2.4 | Loans & Advances | 5,250,949 | 4,987,611 | 3,550,463 |
| 2.5 | Fixed Assets | 28,615 | 25,186 | 26,290 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 31,825 | 22,049 | 30,973 |
| 3 | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest Income | 521,448 | 329,050 | 423,342 |
| 3.2 | Interest Expense | 181,531 | 118,897 | 246,505 |
| | **A. Net Interest Income (3.1 - 3.2)** | **339,917** | **210,152** | **176,837** |
| 3.3 | Fees, Commission and Discount | 90,648 | 65,598 | 67,291 |
| 3.4 | Other Operating Income | 8,260 | 5,041 | 5,664 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **438,825** | **280,791** | **249,792** |
| 3.6 | Staff Expenses | 120,504 | 83,625 | 120,165 |
| 3.7 | Other Operating Expenses | 57,522 | 32,665 | 44,936 |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **260,800** | **164,501** | **84,690** |
| 3.8 | Provision for Possible Losses (Net) | 60,495 | 42,519 | 69,719 |
| | **D. Operating Profit (C - 3.8)** | **200,305** | **121,982** | **14,971** |
| 3.9 | Non Operating Income/ (Expenses) - Net | 642 | 374 | 1,107 |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | 56,977 |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **200,947** | **122,356** | **73,056** |
| 3.11 | Extraordinary Income/ (Expenses) - Net | - | - | (80.00) |
| | **F. Profit before Bonus and Taxes (E+3.11)** | **200,947** | **122,356** | **72,975** |
| 3.12 | Provision for Staff Bonus | 20,095 | 12,236 | 7,298 |
| 3.13 | Provision for Tax | 54,256 | 33,036 | 19,703 |
| | **G. Net Profit/ Loss (F-3.12-3.13)** | **126,597** | **77,084** | **45,974** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 15.93% | 15.42% | 16.87% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 3.47% | 4.65% | 3.46% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 95.99% | 67.94% | 63.50% |
| 4.4 | Cost of Funds | 6.22% | 6.48% | 9.77% |
| 4.5 | CD Ratio (Calculated as per NRB Direction) | 303.71% | 306.90% | 258.82% |

**Note :** 1. The Unaudited Financial Figures may change if directed by Statutory Auditor/ Supervisory Authorities.
2. Previous Period Figures are regrouped or rearranged wherever necessary.
3. Loans and Advances are reported net of provisions where Gross amount to NRs. 54,31,653.81 thousands.
4. The Company has made investments NRs. 2 million in promoter share of Nepal Finsoft Company Limited.
5. Income Tax Liability has been shown after netting of with advance tax amount.

### Interest Rate

| Deposit: 5.5% to Max 8.5% | Loan & Advance: 12% to Max 15% |
|---|---|

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ.व. २०७७/७८ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :

(**क**) यस एनएमबि लघुवित्त वित्तीय संस्थाको तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ । यो वित्तीय संस्था एनएमबि बैंक लिमिटेडको सहायक कम्पनी हो जसको यसमा कुल शेयरमध्ये ५१ प्रतिशत शेयर स्वामित्व रहेको छ । यस वित्तीय संस्थाको एनएमबि बैंकसँगको सम्बन्धित पक्षबीचका कारोबार निम्न बमोजिम छन् ।

| क्र.स. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | एनएमबि बैंकको लगानी | २७,५३,००,४६०.७५ |
| २ | एनएमबि बैंकबाट लिएको सापटी | १,००,००,००,०००.०० |
| ३ | एनएमबि बैंकलाई गरेको ब्याज भुक्तानी | ४,५०,३५,७५६.५३ |
| ४ | एनएमबि बैंकमा रहेको मौज्दात | ५०,२३,३३६.२८ |

(**ख**) **प्रमुख वित्तीय अनुपातहरु :**
प्रति शेयर आम्दानी : रु.३१.२७ मूल्य आम्दानी अनुपात : रु. ४९.७३ प्रति शेयर नेटवर्थ : रु १५४.३४
प्रति शेयर कुल सम्पत्तिको मूल्य : रु.१,०२१.८७ तरलता अनुपात : ८.८२%

२. **व्यवस्थापकिय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
गत वर्ष देखि विश्वमहामारीको रुपमा नेपाल लगायत संसारभर फैलिदै गएको कोरोना भाइरस (Covid-19) को प्रभाव कायम नै रहेकोले वित्तीय संस्थाको दैनिक कारोवार सहजता पूर्वक सञ्चालन गर्न कठिनाई रहेता पनि कार्य सञ्चालन सन्तोषजनक नै रहेको छ । बिषम परिस्थितिका बाबजुद पनि यस वित्तीय संस्थाले यस त्रैमासमा लक्ष्य अनुरुप व्यवसाय तथा आम्दानीमा सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको छ। सदस्य संख्या, समुह सदस्यहरुको निक्षेप तथा कर्जा लगानी बढाउँदै लैजानु, खर्चमा मितव्ययीता अपनाउनु र ब्याजदर लघुवित्त बजारको औषत दर भित्र नै कायम गरी ग्राहक सदस्यहरुलाई वित्तीय संस्थाको सेवामा आकर्षित गर्न सक्नु मुख्य सवल पक्ष रहेका छन् ।

ख) **आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
यस संस्थाले आगामी दिनमा वित्तीय पहुँच कम भएका थप जिल्लाहरुमा शाखा विस्तार गर्ने कार्यलाई निरन्तरता दिदै लघुवित्त कार्यक्रम विस्तार गर्ने योजना रहेको छ । यस त्रैमासको अन्त्यमा यस वित्तीय संस्थाले ५६ वटा जिल्लामा १०८ वटा शाखा/उप शाखाहरु मार्फत १,०७,६२६ विपन्न घरपरिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लषणात्मक विवरण :**
यस वित्तीय संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर तथा प्राप्ति गरी संस्थालाई सवल एवम् प्रतिस्पर्धि बनाउदै लैजाने नीति लिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधी सम्ममा वित्तीय संस्थाले बादी नेपाल सरकार प्रतिवादि गंगा कुमार प्रधान समेत रहेको बैकिङ्ग कसुर सम्बन्धी मुद्दा जिल्ला प्रहरी कार्यालय ताप्लेजुङ्गमा दर्ता गराएको छ । साथै यस वित्तीय संस्थाको कर्मचारी कल्पना गुरुङलाई बैकिङ्ग कसुर सम्बन्धी मुद्दा जिल्ला प्रहरी कार्यालय मनाङमा दर्ता गरी उच्च अदालत कास्की, पोखरामा कारवाहीको अवस्थामा रहेको छ ।

ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारबाट यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

ख) यस त्रैमासको शेयर सम्बन्धी विवरण :
अधिकतम मूल्य : रु.१,६६१ न्यूनतम मूल्य : रु.१,१३३ अन्तिम मूल्य : रु.१,५५०
कारोबार भएको कुल दिन : ५९ दिन कारोबार संख्या : ९,३७,११३ कित्ता

५. **समस्या र चुनौती :**

क) विश्व माहामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको कारण वित्तीय संस्थाको कार्यक्षेत्रमा पटक पटक बन्दाबन्दी भइरहंदा दैनिक कारोवार सञ्चालन गर्न तथा लक्ष्य अनुरुप प्रगति हाँसिल गर्न चुनौती रहेको छ ।

ख) ग्रामिण क्षेत्रमा वित्तीय सेवा सञ्चालन गर्नको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरु उपलब्ध नहुदा सो क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्नमा चुनौती रहेको छ । साथै नयाँ लघुवित्त सस्थाको वृद्धिले गर्दा कर्मचारीले संस्था परिवर्तन गर्ने प्रवृति बढदै गएकोले मानव संसाधन व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।

ग) लघुवित्त संस्थाहरुको बृद्धिको कारणले ग्राहकसंगको कारोवारमा दोहोरोपनाको समस्या दिनानुदिन बढ्दै गएकोले कर्जा लगानीमा गुणस्तरीयता कायम राख्न चुनौती रहेको छ ।

घ) व्यवस्थापनको रणनीति : उल्लेखित चुनौतीहरुको सामना गर्दै देशका सबै जिल्लाहरुमा थप शाखा विस्तार गर्ने, वित्तीय पहुँचबाट टाढा रहेका ग्रामीण तथा विपन्न घरपरिवारमा वित्तीय सेवा पुऱ्याउने, केन्द्र व्यवस्थापनलाई उच्च महत्व दिई गुणस्तर कायम गर्ने, निक्षेप परिचालनलाई समेत विशेष महत्व दिने, ग्राहक सदस्यहरुलाई प्रदान गर्ने सबै प्रकारका सेवामा प्रविधीको उच्च प्रयोग गर्दै ग्राहक संरक्षणमा विषेश ध्यान दिदै वित्तीय संस्थासँग रहेका स्रोत तथा साधनको अधिकतम उपयोग गरी ग्राहक सदस्यहरुको सन्तुष्टिको स्तर बृद्धिको साथै संस्थाको मुनाफा वृद्धि कायम राख्ने व्यवस्थापनको रणनीति रहेको छ ।

६. **संस्थागत सुशासन :**
वित्तीय संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ती शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरु र पदपुर्ति समिति, जोखिम व्यवस्थापन बिभाग, आन्तरिक लेखापरीक्षण विभाग जस्ता स्थायी संरचनाको माध्यमबाट समय सापेक्ष नीति नियमहरु परिमार्जन गर्ने तथा सोको कार्यान्वयन गरि संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन वित्तीय संस्था प्रतिबद्ध छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य तथा पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।